पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. :

मितिः २०७७।०६।०५

पूर्वखोला गाउँपालिकाको अत्यन्त जरुरी सूचना ।

यस पूर्वखोला गाउंपालिका वडा नं ४ देविनगरको वजार क्षेत्रमा समुदाय स्तरमा एक जनामा कोरोना भाइसर पोजेटिभ पुष्टी भएको कारण कोरोना भाइरस समुदाय स्तरमा नफैलियोस् भन्ने तर्फ यस पूर्वखोला गाउँपालिका सजग रहँदै मिति २०७७।०५।२६ गते वेलुका आकस्मिक रुपमा वसेको कोरोना रोकथाम तथा नियन्त्रण स्थानीय समन्वय समिति (CCMT) को वैठकको निर्णयानुसार मिति२०७७।०५।२७ गतेदेखि २०७७।०६।०५ गते सम्म पूर्वखोला गाउँपालिका वडा नं ४ देविनगर स्थित पूर्वमा मोहकाल जाने मोटरवाटो, पश्चिममा खिर्रभिन्ज्याङ नजिकको ठाटीगौडा,उत्तरमा मातृभूमी मा.विको अंग्रेजी ब्लग र दक्षिणमा काफलडाडा (वोहरीथोक) जाने मोटरवाटोको क्षेत्रमा शिल गरिएको र देहायका गतिविधी निषेधित गरिएकोमा कन्टयाक ट्रेसिङ गरि संकलन गरिएको स्वाव परीक्षणका लागि पठाईएको तर हाल सम्म पनि रिपोर्ट नआएको हुँदा सो निर्णयलाई स्वाब परीक्षणको रिपोर्ट नआउन्जेल सम्म निरन्तरता दिने निर्णय भएको हुँदा सोहि बमोजिम गर्न गराउनुहुन आम नागरिकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१) वडा नं ४ स्थित स्वास्थ्यचौकीवाट प्रदान गरिने आकश्मित सेवा वाहेकका अन्य सम्पूर्ण सेवाहरु तथा वडा कार्यालय उल्लेखित मिति सम्मको लागि वन्द गर्ने ।

२) शिल गरिएको क्षेत्रभित्र आवतजावतका कुनैपनि गतिविधी संचालन नगर्ने । वडा नं २ जल्पा भएर वडा नं ४ देविनगर हुंदै जिल्ला सदरमुकाम तानसेन जाने सवारी साधनहरुले शिल गरिएको क्षेत्रमा सवारी साधन रोक्ने, यात्रु चढाउने ओराल्ने जस्ता कृयाकलापहरु नगर्ने नगराउने । सकेसम्म यस अवधी सम्म सवारी साधनहरु संचालन नगर्ने नगराउने ।

३) शिल गरिएको क्षेत्र भित्र अत्यावश्यक सेवा वाहेकका अन्य पसल, होटल, रेस्टुरेन्ट तथा अन्य सवै प्रकारका सेवाहरु वन्द गर्ने गराउने ।

४) शिल गरिएको क्षेत्रका स्थानीय वासिन्दाहरु आकस्मिक काम वाहेक अन्य कामको लागि घर वाहिर अनावश्यक हिडडुल नगर्ने नगराउने, अनावश्यक रुपमा जमघट नहुने ।

७) सकेसम्म सवैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गराउने, सेनिटाइजरको प्रयोग गर्ने तथा सावुनपानीले नियमित रुपमा हातधुने र धुन लगाउने ।

अन्त्यमा,यस विषम परिस्थितीमा आम नागरिकहरु हतास नहुन, कोरोना भाइरस विरुद्ध सजग र सचेत हुन,स्वास्थ्य सम्वन्धि कुनै समस्या आएमा स्वास्थ्यकर्मीको सल्लाह लिन तथा उल्लेखित निर्णयहरुको पालन गर्नु गराउनु हुन यस पूर्वखोला गाउँ कार्यपालिकाकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।साथै स्वाव परीक्षणको रिपोर्ट प्राप्त भए पश्चात आवश्यक निर्णय गरि अर्को सूचना प्रकाशन गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

हरि टन्डन २०७७/०६/०५
अधिकृत छैटौं

हरि टण्डन
अधिकृत छैटौं